कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

## सिलवन्दी दरभाउ पत्र आह्वानको सूचना:

प्रथम पटक प्रकाशित मिति: २०७६/०३/२४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आ.व. २०७६/०७७ को लागि यस कुश्मा नगरपालिका क्षेत्राधिकार भित्र पर्ने " अन्य कर" उठाउन स्थानिय राजश्व परामर्श समितिको सिफारिस तथा नगरकार्यपालिकाको निर्णय बमोजिम तोकिएको दर रेट अनुसार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न ठेक्काहरुमा निम्न शर्तको अधिनमा रहि रित पुर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. यो सुचना प्रकाशित मितिले १५ औ दिनसम्म सिलवन्दी दरभाउपत्र फारम यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित प्रतिलिपी वा व्यवसाय कर तिरको रसिदको प्रमाणीत प्रतिलिपी, स्थायी लेखा नम्वर (PAN) को प्रमाणीत प्रतिलिपी, अद्यावधिक नविकरण गरेको फर्मको प्रमाणीत प्रतिलीपी र आ. ब. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणीत प्रतिलीपी सहित यस कार्यालयमा नगदै जम्मा गरि प्राप्त गरेको नगदी रसिद वा सिलवन्दी दरभाउ पत्र खरिद वापत यस कार्यालयको नाममा रहेको ने.वै.लि. कुश्मा शाखाको खाता नं. ग ४-१-०६६०३००००००००४००१०६३( मूल कोष खाता) मा जम्मा गरेको सक्कलै भौचर र निवेदन साथ पेश गरेपछि नियमानुसार सिलवन्दी दरभाउ पत्र फारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयबाट उपलब्ध गराइनेछ ।

२.खरिद गरिएका सिलवन्दी दरभाउ पत्र उल्लेख भएका सवै विवरण प्रष्टसँग लेखि सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ वजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

३.अधिकार प्राप्त प्रतिनिधि मार्फत् बोलपत्र प्रक्रियामा सहभागि हुनु परेमा अनिवार्य रुपमा अख्तियारी पत्र (Power of Attorney) पेश गर्नु पर्नेछ ।

४. सिलवन्दी दरभाउ पत्र फारम साथ धरौटी रकम आफूले कवोल गरेको अंकको (मु.अ.कर समेत) छ प्रतिशतले हुन आउने जमानत वापतको रकम यस कार्यालयको नेपाल वैक लि. कुश्मा शाखाको खाता नंम्वर ग ३-००६६०३०००००००३ (धरौटी खाता)मा जम्मा गरको सक्कल भौचर वा सो रकम वरावरको यस कार्यालयको नाममा जारी गरिएको "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा

हरि पंगेनी
प्रमुख प्रशासकिय अधिकृत

जारी गरिएको बैंक जमानत पत्र सिलवन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा पनि ९० दिनको अवधि भएको समावेश गर्नुपर्नेछ ।

५. सिलवन्दी दरभाउ पत्र शर्त रहित केरमेट नभएको कार्यालयले उपलब्ध गराइएको सिलवन्दी दरभाउ पत्र फारममा कुनै थपघट वा द्रष्टब्य नलेखेको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको रित नपुगेका, सुचनाको शर्त विपरित भएको सिलवन्दी दरभाउ पत्र माथि कारवाही हुने छैन ।

६. सिलवन्दी दरभाउ पत्र खरिद वा दर्ता गर्ने फर्मले कामको सम्वन्धमा राम्ररी वुझि भरेको मानिनेछ ।

७. सिलवन्दी दरभाउ पत्र भर्दा दररेट स्पष्ट रुपमा अंक रअक्षरमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. सिलवन्दी दरभाउ पत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानिनेछ ।

९. सिलवन्दी दरभाउ पत्रदाताले आफुले पेश गरेको कवोल अंक मूल्यअभिवृद्दि कर सहितको वा वाहेक उल्लेख गर्नुपर्नेछ। यदि उल्लेख नगरेमा मूल्यअभिवृद्दि कर वाहेकको मानिनेछ ।

१०. प्रत्येक सिलवन्दी दरभाउ पत्र(ठेक्का) छुट्टा छुटै स्वीकृत गरिने छ । सिलवन्दी दरभाउ पत्र पेश गर्दा सिलवन्दी दरभाउ पत्र (ठेक्का) नं अनुसार छुट्टा छुट्टै पेश गनुपर्नेछ ।

११.यस सुचनामा उल्लेखित कुराहरु वाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

१२. सिलवन्दी दरभाउ पत्र सम्वन्धि अन्य कुराहरु वुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।(सम्पर्क नम्वर ०६७-४२०१४१)

१३. कामको विवरण निम्नानुसार छ ।

हरि पंगेनी
प्रमुख प्रशासकिय अधिकृत

## कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

अन्य कर

| सि.न. | बोलपत्र नं | बोलपत्र (ठेक्का) को नाम | न्यूनतम कबोल अंक(भ्याट बाहेक) | फर्म दस्तुर रु |
|---|---|---|---|---|
| १ | १/ २०७६/०७७ | प्रचलित कानूनले निषेधित गरे बाहेक मरेका वा मारिएका पशुका हाड, सिंङ, छाला, खुरको निकासी बापत वातावरण संरक्षण कर (कुश्मा नगरपालिकाबाट वाहिर निकासी हुँदा) | ५५,०००(पचपन्न हजार) | १००० |
| | २/ २०७६/०७७ | ईट्टा निर्माण बापत वातावरण संरक्षण कर | १,१०,००० (एक लाख दश हजार) | १००० |
| | ३/ २०७६/०७७ | जल यातायात र्‍याफ्टिङ संचालन दस्तुर | १,२०,००० एक लाख विस हजार) | १००० |
| | ४/ २०७६/०७७ | कुश्मा बजार भित्र प्रवेश गर्ने मालबाहक गाडी तथा घुमन्ते ब्यापारीमा लगाउने सडक सुधार कर | ७,६०,००० (सात लाख साठी हजार) | १००० |
| | ५/ २०७६/०७७ | कवाडी कर (पुनः प्रयोग तथा पुनः प्रशोधन हुने सामानहरु( कुश्मा नगरपालिकाबाट वाहिर निकासी हुँदा) | ५,५०,००० (पाँच लाख पचास हजार) | १००० |
| | ६/ २०७६/०७७ | विज्ञापन कर (कुश्मा नगरपालिका क्षेत्र भित्र) | ५,००,००० (पाँच लाख ) | १००० |

प्रमुख प्रशासकीय अधिकृत

हरि पंगेनी
प्रमुख प्रशासकिय अधिकृत